## ४.२.१ कार्यकारी अधिकृत

स्थानीय स्वायत्त शासन ऐन २०५५ तथा प्रचलित अन्य कानूनका आधारमा नगरपालिकाको प्रमुख व्यवस्थापकका रुपमा कार्यकारी अधिकृतले देहायका कार्यहरु गर्ने गराउने छन् :

- सबै महाशाखाको सहभागितामा स्थानीय स्वायत्त शासन ऐनमा भएको व्यवस्था अनुसार आवधिक योजना तर्जुमा गरी प्रमुख समक्ष पेश गर्ने ।
- सबै महाशाखावाट आवश्यक सूचना संकलन गरी वार्षिक वजेट तथा कार्यक्रमको मस्योदा तयार गरी प्रमुख समक्ष पेश गर्ने ।
- नगरपालिका अन्तर्गत निर्माण हुने खर्चको हिसाब राखी सो निर्माणको हिसाब फरफारक गर्न पेश गर्ने ।
- उपभोक्ता समूह, गैर सरकारी संस्था वा अन्य निकायबाट सम्पन्न आयोजनाको अभिलेख दुरुस्त राख्ने ।
- नगर विकासको कार्यमा नीजी क्षेत्र परिचालनको काममा पहल गर्ने ।
- स्थानीय विकास मन्त्रालय, सडक वोर्ड, स्थानीय विकास शुल्क, DOLIDAR तथा अन्य निकायसंग कार्यमा समन्वय गर्ने ।
- नगरपालिकाको आय र व्ययको हिसाब राख्ने ।
- नगरपालिकाको स्वीकृत बजेटको परिधिभित्र रही निर्णय कार्यान्वयन गर्नको लागि खर्च गर्ने ।
- प्रशासनिक खर्चको सिमा भीत्र वसी नगरपालिकाको खर्च गर्ने ।
- नगरपालिकाको हिसाबको लेखापरीक्षण गराउने, बेरुजु फछ्र्यौट गराउने र बेरुजु रकम कानून बमोजिम असूल उपर गर्ने, गराउने । नगरपालिकामा वेरुजुको अङ्क कम गर्न आवश्यक उपाय अवलंवन गर्ने ।
- MCPM कालगि आवश्यक तयारी गर्ने ।
- नगरपालिकाको चल अचल सम्पत्तिको जिन्सी लगत राख्ने र संरक्षण गर्ने ।
- नेपाल सरकारबाट खटी आएका र नगरपालिकाका सम्पूर्ण कर्मचारीहरुको रेखदेख र नियन्त्रण गर्ने ।
- नगरपालिकाका कर्मचारीहरुको वैठक गरी भएका निर्णयहरु कार्यान्वयन गर्ने ।
- विषयगत कार्यालयहरुसंग समन्वय गरी कार्यक्रमहरु संचालनमा पहल गर्ने ।
- नगरपालिकाको वैठकमा उपस्थित हुने र आवश्यक परेको काम गर्ने, गराउने ।
- नगरपालिकामा दायर भएका मुद्दाको मिसिल जिम्मा लिने सम्बन्धमा आवश्यक व्यवस्था मिलाउने ।
- जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना दर्ता गरी नगरपालिका क्षेत्रभित्रको जनसंख्याको लगत दुरुस्त राख्ने वा राख्न लगाउने ।
- नगर परिषद् र नगरपालिकाको वैठकमा उपस्थित भई निर्णयको माइन्यूटिङ्ग गर्ने, निर्णय पुस्तिका जिम्मा लिने र निर्णय प्रमाणित गर्ने ।
- प्रमुखको निर्देशनमा नगरपालिकाको सम्पूर्ण प्रशासनिक कामकारवाही गर्ने ।
- प्रमुखको निर्देशनमा स्वीकृत नगर विकास कार्यक्रमको कार्यान्वयन गर्ने ।
- नगरपालिका अन्तर्गतका कर्मचारीहरुको प्रशासनिक नियन्त्रण गर्ने ।
- नगर परिषदवाट तोकिएका अन्य कार्यहरु गर्ने ।
- प्रचलित कानून बमोजिम तोकिएका अन्य कामहरु गर्ने ।